
PRESS RELEASE

## नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल, काठमाण्डौ

## प्रेस विज्ञप्ति-४६

## " विवाहको वहानामा चीन पुर्याई मानव बेचबिखन गर्ने व्यक्ति पक्राउ"

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (१८८)** लाई चिनियाँ नागरिकसँग विवाह गरेमा ग्रिनकार्ड बनाउन मिल्छ, ग्रिनकार्ड बनेपश्चात नेपाल आउन जान मिल्छ, भविष्य सुनौलो हुन्छ भन्ने प्रलोभनमा पारी चिनियाँ नागरीकसँग अदालतमा विवाह समेत गराईदिई चीनमा पुर्याई मानव बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्तिलाई पीडितको जाहेरीको आधारमा यस व्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २७ ठमेल एरियाबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन **५ (पाँच)** को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भईरहेको ।



**पक्राउ परेको अभियुक्तको विवरण :-**

**नाम:- मनमाया घले**

**उमेर:-** ४३ वर्ष

**स्थायी वतन:-** जिल्ला नुवाकोट किस्पाङ्ग गाउँपालिका वडा नं १ स्थायि ठेगाना भई हाल चिनको Heilongjiang province को Harbin City मा बसोबास गर्ने,

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-**

- प्रतिवादी मनमाया घलेले घरको आर्थिक अवस्था कमजोर भएकी जाहेरवालालाई चिनिया नागरीकसँग विवाह गरेमा ५ (पाँच) बर्ष पछि ग्रिनकार्ड बनाउन सकिन्छ, केटा धनि छ, नेपाल आउन जान पनि मिल्छ भन्ने प्रलोभनमा पारेको खुल्न आएको,
- प्रतिवादी मनमाया घलेले चिनिया नागरीसँगको मिलेमतोमा जाहेरवालालाई काठमाण्डौं जिल्ला अदालतमा लगि ललाई फकाई मिति २०७९/१२/१३ गते चिनिया नागरीकसँग Court Marriage गरिदिएको खुल्न आएको,
- विवाह गरिसके पश्चात हालकी प्रतिवादी समेतले जाहेरवालालाई मिति २०८०/०१/०१ गते नेपालबाट चीनमा पुर्याई आफु नेपाल फर्कीएको खुल्न आएको,
- विवाह गरी चीनमा पुर्याई सके पश्चात चिनिया नागरीकले जाहेरवालालाई यौन शोषण गरी बिभिन्न व्यक्तिहरुसँग जवरजस्ती वेश्यावृत्तिमा लगाएको खुल्न आएको,
- जाहेरवालालाई हालकी प्रतिवादीले नेपाली रुपैया रु. ५००,००० ।- (पाँच लाख) मा वेचबिखन गरेको खुल्न आएको,
- जवरजस्ती वेश्यावृत्तिमा लगाईराखेको अवस्थामा जाहेरवालाले निजको आफन्तलाई सम्पर्क गरिसके पश्चात चीन स्थित नेपाली दुतावाससगँको समन्वयमा जाहेरवाला मिति २०८०/०३/०१ गते नेपाल उद्दार भई आएको ।
- यस घटनामा संलग्न चिनिया नागरीक तथा अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२८११६०**

**मिति: २०८१/०२/०७ गते ।**